समाचार

# गाउँमा चल्यो विकासको होड

**‘विकासका लागि छटपटिरहेका थियौं, अब एक रुपैयाँ भ्रष्टाचार हुन नदिने गरी भौतिक निर्माणमा जुटेका छौं’**

फाल्गुन १९, २०७४ | जितेन्द्र साह

धनपालथान (मोरङ) — मोरङको दक्षिणपूर्वी धनपालथान गाउँपालिकाका बासिन्दा अहिले निकै व्यस्त छन् । उनीहरू आफ्नो टोललाई चिटिक्क र नमुना बनाउन खटिइरहेका छन् । गाउँलेहरूबीच विकासको होडबाजी नै चलेको देखिन्छ ।

स्थानीय निकाय जनप्रतिनिधिविहिन हुँदा यो गाउँपालिका विकासमा निकै पछि पर्‌यो । चालू वर्ष भने यहाँको दादरबैरिया बस्तीमा गाउँपालिका कार्यालयबाट पारित ९० प्रतिशत योजना सञ्चालनमा आइसकेका छन् ।

‘विकासका लागि छटपटिरहेका थियौं,’ ४९ वर्षीय राजकुमार राजवंशीले भने, ‘अब एक रुपैयाँ भ्रष्टाचार हुन नदिने गरी भौतिक निर्माणमा जुटेका छौं ।’ उनी एक स्थानीय निर्माण तथा उपभोक्ता समितिसँग आबद्ध छन् । राजवंशीले भनेजस्तै उक्त टोल पुग्दा पूर्वाधार विकासका काम तीव्र गतिले बढिरहेको प्रस्टै देखिन्छ । ‘यो गाउँलाई नगरजस्तो बनाइछाड्छौं,’ उनले प्रतिबद्धता दर्साए । बस्ती वरिपरि भव्य विद्यालय, स्वास्थ्य केन्द्र, वडा कार्यालय र खाजा पसल छन् ।

उक्त गाउपालिकाको सोराभाग टोलबासी पनि आफू पनि कुनै कुरामा कम नरहेको भन्दै अघि बढिरहेका छन् । 'हामीले मादक पदार्थ रोकथाम र शिक्षाको महत्व सम्बन्धी अभियान चलाइरहेका छौं,' ३५ वर्षीया मेरी मुर्मुले भनिन्, 'सबै दलित, जनजाति र आदिवासीले रक्सी खान छाडे भने हाम्रो टोल उसै स्वर्ग बनिहाल्छ ।' सन्थाल जातिको उत्थान कार्यक्रममा समेत सक्रिय मुर्मुको बुझाइमा गाउँठाउँलाई नशामुक्त बनाएपछि प्राप्त हुने स–सानो बजेटसमेत सदुपयोग भए स्वत: विकास भित्रिन्छ । 'यो कार्यका लागि आर्थिक सहयोग जुटाउन गाउँपालिकासँग समन्वय गरिरहेका छैं,' उनले भनिन्, 'अरु टोलभन्दा यहाँ राम्रा सडक र नाला बनाएर देखाउँछौं ।'

गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत बुकुप्रसाद आचार्यले गाउँलेमा सकारात्मक परिवर्तन आएको देखेर काम गर्न ऊर्जा मिलेको बताए । 'बिहान चाँडो आउँछु, जनतासँग हातेमालो गर्दै अबेर फर्कन्छु,' उनले भने । जनप्रतिनिधिले कार्यभार सम्हालेलगत्तै एसएलसी उत्तीर्णपछि कलेज पढिरहेका गाउँका ७६ जना विपन्न तथा जेहेनदार छात्रालाई गाउँपालिका कार्यालयबाट साइकल बाँडेर परिवर्तनको उद्घोष गरिएको उनले औंल्याए ।

गाउँपालिकाले भौतिक पूर्वाधार निर्माण, क्षमता विकास, सहकारी शिक्षा, स्वास्थ्य, कृषि र भेटनरीलगायत २ सय १५ योजनाका लागि यस वर्ष ३३ करोड रुपैयाँ बजेट छुट्याएको छ । 'गाउँबासीको जाँगरले कतिपय योजना सम्पन्न भइसकेका छन्,' उनले भने, 'अधिकांश द्रुत गतिमा निर्माणाधीन छन् ।' प्रत्येक वडामा योजनाका लागि ८० लाख रुपैयाँ छुट्याएको गाउँपालिका कार्यालयले जनाएको छ । साबिक दादरबैरिया, सोराभाग, अमाहिबरियाती, नोचा र कदमाहा गाविस समावेश गरी धनपालथान गाउँपालिका बनाइएको हो । ७०.२६ वर्गकिमिमा फैलिएको यस गाउँपालिकाको जनसंख्या ३९ हजार ३ सय ९४ छ । सात वडामा विभाजित गाउँपालिकामा ९.५ किमि सडक कालोपत्रे, ८३ किमि ग्राभेल र ६८ किमि कच्ची छ ।

'गाउँपालिकाबाट प्राप्त बजेटबाट स्थानीयले उपभोक्ता समितिमार्फत सडक, नाला र कल्भर्ट बनाउँदै छन्, भएका संरचना स्तरोन्नति गरिरहेका छन्,' आचार्यले भने । उनका अनुसार विकास गतिविधिमा दादरबैरिया सबैभन्दा अगाडि छ । बजार क्षेत्र ओगटेको कर्सियाको अवस्था पनि सन्तोषजनक छ । सबैभन्दा पिछडिएको सीमावर्ती नोचा बस्तीलाई बजेटको प्राथमिकतामा राखिएकोउनले बताए ।

यहाँ मन्दिर, धर्मशाला र सडक निर्माणलगायतका चार योजना कार्यान्वयनमा आइसकेका छन् । सोराभागमा गाउँघर क्लिनिक, विद्यालय मर्मत, स्वास्थ्य चौकी सुधार र सडक ग्राभेललगायत सात योजना परेका छन् । कर्सिया बजार क्षेत्रमा १५/१५ लाख बजेटका दुई सडक योजना सम्पन्न भइसकेका छन् । दादरबैरियाको पछिल्लो भागमा सात सडक र वडा कार्यालय निर्माणले गति लिएको छ । दादरबैरिया र कदमाहा बस्तीका केही भागमा सौचालय, विद्यालय, कम्पाउन्ड वाल, सडक र मन्दिरलगायत १० योजना निर्माणाधीन छन् । कदमाहामा प्राथमिक विद्यालयमा घेराबेरा र अर्को एक विद्यालयका दुई भवन निर्माण भइसकेका छन् ।

प्रकाशित : फाल्गुन १९, २०७४ ०६:५४